घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः२०७६/७७
चलानी नं. ९२६

२०७६।१२।१६

विषयः परिपत्र ।

**श्री वडा कार्यालयहरू (सबै),**
घरपझोङ गाउँपालिका, मुस्ताङ ।

विश्वव्यापी माहामारीको रूपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को त्रासदी यस गाउँपालिका लगायत देशका सबै भूभागहरूमा बढीरहेको विषय जानकारी नै छ । यस भाइरसको संक्रमण छिमेकी जिल्ला बागलुङमा समेत देखिँदा हामी अझै सजग र सचेत हुन आवश्यक भएकोछ । यो भाइरसको संक्रमण हुन नदिने उपाय नियमित रूपमा हात धुने तथा व्यक्तिगत सरसफाइमा ध्यान पु-याउने, घोषित लकडाउनको समयमा कोही पनि घरबाट ननिस्कने प्रवन्धको सुनिश्चितता गराउनु नै हो । यस कार्यमा सबै वडा कार्यालयहरूले गरिरहेका कार्यहरूप्रति धन्यवाद ज्ञापन गर्दै अझैपनि नेपाल सरकारको नीति बमोजिम सबै नागरिकलाई घर घरमै बस्नको लागि अभिप्रेरित गरिरहनुहुन अनुरोध छ । जनताको सबैभन्दा नजिकको सरकारको हैसियतमा स्थानीय सरकारको अझै धेरै जिम्मेवारी रहेकोले COVID-19 को संक्रमणलाई फैलिन नदिनको लागि तहाँ वडा कार्यालयबाट समेत सोही बमोजिम कार्यसम्पादन हुन अनुरोध छ । राष्ट्रिय विपद्को यस समयमा सबै नागरिकबाट अनुशासित भई पूर्ण जिम्मेवारीका साथ भूमिका निर्वाह गर्नुपरेको छ । विद्यमान अवस्थामा वडा कार्यालयमा रहेका राष्ट्रसेवक कर्मचारी (वडा सचिव) हरूको अझै वढी योगदानको अपेक्षा समेत गरिएको छ । उल्लिखित अवस्थामा सबै वडा कार्यालयहरूबाट निम्न बमोजिमका व्यवस्थाहरू अविलम्ब गर्नुहुन अनुरोध छ ।

<u>सबै वडा कार्यालयहरूले कोरोनाको रोकथाम सम्बन्धमा गर्नुपर्ने कार्यहरूको विवरण</u>

१. सबै नागरिकलाई अनिवार्य रूपमा घर घरमै बस्ने व्यवस्था मिलाउने ।
२. विगत १५ दिनभित्रमा विदेशबाट आएका मानिसहरूको तथ्याङ्क तथा ऊनीहरूको स्वास्थ्य अवस्थाको विवरण गाउँपालिकामा पठाउने । (विवरणको ढाँचा यस अघिनै पठाइएको छ ।)
३. दैनिक रूपमा वडामा बाहिरबाट आउने व्यक्तिहरूको विवरण गाउँपालिकामा पठाउने । तिनीहरूलाई घरमै क्वारेन्टाइनमा बस्ने व्यवस्था गर्ने ।(विवरणको ढाँचा यस अघिनै पठाइएको छ ।)
४. वडा अन्तर्गत कोही कसैलाई उच्च ज्वरो, खोकी जस्ता कोरोना भाइरसका लक्षण देखिएमा तुरून्त स्वास्थ्य चेकजाँच गर्न लगाउने र सोको विवरण गाउँपालिकामा पठाउने ।

कार्यालय ठेगानाः घरपझोङ गाउँपालिका वडा नं. ४, जोमसोम, मुस्ताङ/ फोन नं. ०६९-४४००१६
Email: gharapjhongrmunicpality@gmail.com
website: https://gharapjhongmun.gov.np

घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०७६/७७

चलानी नं. ९५८

५. वडा अन्तर्गत दैनिक मजदुरी गरेर मात्र जिविकोपार्जन गर्ने कोही व्यक्तिहरू छन् भने तिनीहरूको विवरण तोकीएको ढाँचामा गाउँपालिकामा अविलम्ब पठाउने व्यवस्था मिलाउने । (विवरणको ढाँचा यस अघिनै पठाइएको छ ।)

६. यथासक्य छिटो प्रत्येक वडामा कम्तिमा पनि ३ बेडको क्वारेण्टाइन बनाउने र सोको जानकारी गाउँपालिकालाई गर्ने ।

(नेत्रप्रसाद पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

**सादर अवगतार्थ**

श्रीमान् अध्यक्षज्यू, घरपझोङ गाउँपालिका, मुस्ताङ ।

श्रीमान् उपाध्यक्षज्यू, घरपझोङ गाउँपालिका, मुस्ताङ ।

**वोधार्थ/ कार्यार्थ**

श्री वडा अध्यक्षज्यू (सबै), घरपझोङ गाउँपालिका, मुस्ताङ ।

श्री स्वास्थ्य संस्थाहरू (सबै), घरपझोङ गाउँपालिका, मुस्ताङः वडा कार्यालयको समन्वयमा कार्यसम्पादन हुन ।

श्री गाउँ मुखियाज्यू (सबै), घरपझोङ गाउँपालिका, मुस्ताङः उल्लिखित बमोजिमको कार्यसम्पादनमा आवश्यक सहयोग र समन्वय हुन ।

स्वास्थ्य संयोजक श्री कर्ण थकालीः उल्लिखित कार्यसम्पादनका समन्वय/ सहजीकरण हुन ।